**आत्मनिर्भरताका लागि व्यवसायतर्फ आकर्षित महिला**
*मैना धिताल*

राजनीति गर्ने श्रीमान्‌को खासै आम्दानी नहुँदा चार सन्तानकी आमा विष्णु घर्तीमगरलाई घर चलाउनै कठिन थियो । घरमा त्यतिकै बसेर समय बिताउन नचाहने विष्णुले आर्थिक टेवा पुगोस् भन्ने सोच राखेर व्यवसाय गर्ने निधो गरिन् । नयाँ काम थाल्न श्रीमान्‌बाट सहयोग नपाए पनि उनले हिम्मत हारिनन् र अन्ततः लुकी(लुकी काम सुरु गरिन् । फुर्सद सदुपयोग गर्न होस् वा आत्मनिर्भर बन्न । विष्णुजस्ता महिलाहरूलाई सानोतिनो व्यवसाय सञ्चालन गर्न प्रोत्साहन मिलेको छ ।
पारिवारिक पृष्ठभूमिले गर्दा पनि कतिपय महिला यस व्यवसायमा संलग्न छन् । यिनै कोटीमा पर्छिन्( रेणु स्थापित । श्रीमान्‌को मृत्युपछि उनले त्यस व्यसायलाई निरन्तरता दिने काम गरिन् । 'उहाँ बितेको चार वर्षपछि मैले पुनः यसलाई निरन्तरता दिएँ', उनले भनिन्( अब यसलाई विविधिकरण गर्दै लैजाने योजना बनाएकी छु ।

त्यसो त श्रीमान्‌लाई व्यवसायमा लाग्ने सल्लाह पनि आफैंले दिएको उनले सुनाइन् । सुरुमा उनले 'सुगर क्युब' उत्पादन हुँदै चकलेटमा आइपुगेकी हुन् । बजारीकरणसम्बन्धी राम्रो अनुभवको अभावमा व्यवसाय फस्टाउन नसके पनि उनले नयाँ प्रयोग गर्न छाडेकी छैनन् । पछिल्लो समयमा साबुनको झोल, पाउँ र 'होममेड' चकलेटको उत्पादनमा लागेकी छन् रेणु ।
विष्णुलाई यस क्षेत्रमा लाग्ने प्रोत्साहन भने जर्मन दम्पतीले दिएका थिए । पछि महिला उद्यमीको संस्था 'विन' बाट तालिम पनि लिइन् र गृह जिल्ला रुकुममै व्यवसाय सञ्चालन गरिन् । विष्णुको कामप्रतिको लगनशीलता र मिहेनतदेखि उनका श्रीमान् पनि प्रभावित नभइरहन सकेनन् । उनी भन्छिन्( 'अहिले त मैले उहाँबाट सहयोग पाएकी छु ।' डेढ दशकदेखि यस क्षेत्रमा संलग्न विष्णुले एकताका ४० जनालाई प्रत्यक्ष रोजगार दिलाउन सकेकी थिइन् । मुलुकको अवस्थाले गर्दा व्यवसाय पनि प्रभावित हुन थालेपछि भने अहिले यसमा केही कटौती भएको उनले सुनाइन् ।
मध्यम खालका व्यवसाय सञ्चालन गर्ने अधिकांश महिला फुर्सदको सदुपयोग र आर्थिकरूपमा आत्मनिर्भर बन्न चाहन्छन् । तर, पछिल्लो समयमा समाजसेवाको भावनाबाट व्यवसायमा हात हाल्नेहरूको संख्या पनि उत्तिकै छ । हस्तकला उत्पादनसम्बन्धी व्यवसाय सञ्चालन गर्दै आएकी मीरा भट्टराई 'व्यापारिक घराना' कि नभए पनि विभिन्न जिल्लाको भौगोलिक अनुभवले उनलाई यस क्षेत्रमा लाग्न प्रेरित मिल्यो ।

आफूसँगै अन्य महिलाहरूलाई पनि आत्मानिर्भर हुन सघाउ पुर्‍याउने भावनाले आफू उद्यम क्षेत्रमा हात हालेको उनी बताउँछिन् । त्यसैले उनले 'एसोसिएसन फर प्रड्युसर्स ढुकुटी' नामको गैरसरकारी संस्था दर्ता गरी यसैमार्फत् व्यवसाय सञ्चालन गरेकी छन् ।
सन् १९८४ देखि स्थापना भएको उनको संस्थाले अहिले १७ जिल्लामा २१ वटा समूहमार्फत् उत्पादन गर्दै आएको छ । एक्काइस हजारले प्रत्यक्ष रोजगारी पाएको उल्लेख गर्दै त्यसमा ९० प्रतिशत महिला रहेको जानकारी दिइन् । उनले त्यसमध्ये ५ हजार अप्रत्यक्ष लाभान्वित भएको बताइन् ।

महिला उद्यमीहरूका आफ्नै समस्या र चुनौतीहरू भने नभएका होइनन् । के महिला, के पुरुष व्यवसायजन्य जोखिम उठाउन कोही पनि चाहँदैनन् । यद्यपि पुरुषको तुलनामा महिलाहरूमा जोखिमसँग खेलवाड गर्ने प्रवृत्ति अलि कम छ । 'यसै भएर पनि व्यवसायमा महिलाहरूको सहभागिता अपेक्षित रूपमा बढ्न नसकेको हो,' मीराको अनुभव छ ।
मीराले व्यवस्थापन सम्बद्ध व्यक्तिहरूको प्रतिनिधिमूलक संस्था नेपाल व्यवस्थापन संघबाट सन् २००० मा उत्कृष्ट व्यवस्थापकको अवार्डसमेत पाएकी थिइन् । 'महिलाहरू घरभित्र मात्रै हैन, व्यवस्थापनमा पनि उतिकै कुशल छन्', उनी भन्छिन्( 'तर जोखिम उठाउन सक्ने हुनुपर्छ ।'
महिलाहरूलाई यस क्षेत्रमा टिकिरहन परिवारको सहयोगको खाँचो पनि उत्तिकै आवश्यक छ । खासगरी बिहेपछि श्रीमान्‌को सहयोगले महत्वपूर्ण भूमिका खेल्छ । एक दसकदेखि पुष्प व्यवसाय सञ्चालन गर्दै आएकी सवनम श्रेष्ठ भन्छिन्( 'विवाहअघि माइतीबाट खासै सहयोग भएन, तर श्रीमान्‌बाट निकै प्रोत्साहन पाएँ ।'

प्रेरणा नभई कुनै पनि काम गर्न सकिन्न । अझ जोखिमसँग खेलवाड गर्नुपर्ने व्यवसायजस्तो काममा प्रेरणा नभई हुन्न । भारतमा पुष्प व्यवसायले राम्रो व्यापार गरेको समाचारले प्रभावित भएर आफू पनि यस क्षेत्रमा लागेको सवनम बताउँछिन् । उनले व्यापार सुरु गर्दा पढेलेखेकोले पनि यस्तो व्यवसाय गर्छन् भन्ने गर्थे । अरूको भन्दा पृथक काम गर्न चाहने सवनमले ५० हजारको लगानीबाट काम थालेकी हुन् । अहिले झण्डै २० लाखको लगानी छ । उनी अहिले पुष्प व्यवसायसम्बन्धी तालिमसमेत दिने गर्छिन् ।

महिलाहरू हस्तकलालगायत कृषिमा आधारित उद्यममा बढी सहभागी भएको पाइन्छ । अचार, ढाका, पश्मिना, ऊनी कपडा, छालाका वस्तु उत्पादनमा महिलाहरू बढी सक्रिय छन् । यसबाहेक केही महिलाहरू रेष्टुरेन्ट तथा होटल व्यवसायमा पनि छन् । यस्ता उद्यमीद्वारा उत्पादित वस्तुको गुणस्तर तथा ढाँचामा सुधार ल्याउन, आवश्यक जानकारीका लागि सूचना केन्द्र तथा व्यवसाय प्रवर्द्धनका लागि व्यावसायिक संजाल गठनका लागि रणनीतिहरू बन्नुपर्ने खाँचो छ ।
सम्पत्तिमाथि महिलाको स्वामित्व अत्यन्तै न्यून भएका कारण उनीहरूलाई व्यवसाय सञ्चालनका लागि कठिनाइ हुने गरेको छ ।

सरकारले लैंगिकतामा आधारित आर्थिक प्याकेज कार्यक्रम नल्याएसम्म अहिलेका अल्पकालीन तथा छोटा लघुकर्जा परियोजनाले यथेष्ट महिला संख्यालाई यस क्षेत्रमा आकर्षण गर्न सक्दैन । जनगणना २०५८ अनुसार ४१ लाख ७४ हजार ३ सय ७४ घरधुरीमध्ये करिब १७ प्रतिशत महिलामा मात्रै सम्पत्तिको स्वामित्व छ । यसमा पनि पशुपालनमा सबैभन्दा बढी ५ दशमलव ४२ प्रतिशत छ भने सबैभन्दा कम शून्य दशमलव ७८ प्रतिशतमा घरको स्वामित्व छ । यस्तै, ५ दशमलव २५ प्रतिशत महिलामा जग्गाको स्वामित्व छ ।

स्रोतको अभावले गर्दा सीप र उत्प्रेरणा भएर पनि महिलाहरूले त्यसको सदुपयोग गर्न सकेका छैनन् । व्यवसायका लागि आवश्यक पर्ने पुँजीको उपलब्धता एउटा प्रमुख समस्या बनेको छ । ऋण लिन चाहिने धितो, ऋण प्रक्रियाका अनगिन्ती झमेलाहरू व्यवसाय गर्न चाहने आममहिलाका लागि साझा चुनौती बनेको छ । आत्मविश्वास भएकाहरूलाई ऋण दिने प्रक्रिया सरल पारिनुपर्छ । महिलालाई व्यवसाय सञ्चालनका लागि वित्तीय संस्थामार्फत् कर्जा प्रवाह गर्न छुट्टै नीति आवश्यक छ ।

**कानुन कार्यान्वयन नहुँदा मौलाएको बलात्कार**

*तारा अर्याल*

बलात्कारको क्रूर यातनापछि दुई वर्षीया सीता चौधरी (नाम परिवर्तन) को योनी क्षतविक्षत भएको छ । भर्खरै तोते बोली बोल्न सक्ने भएकी सीतालाई उनकै छिमेकी गाउँका सहनी थरका युवकले बलात्कार गरेका हुन् ।
सीताका अभिभावक खेतिपातीमा गएको मौका पारी त्यस युवकले सो घटना २०५९ सालमा बारा जिल्लाको एक गाउँमा घटाएको हो ।

यसैगरी केही समयअघि नेपाल राष्ट्र बैंक विराटनगर शाखाका पाँचौं तहका कर्मचारी खगेन्द्र गौतमले ८ वर्षीया बालिकालाई बलात्कार गरे । आफ्नो घरमा घरेलु कामदारको रूपमा रहेकी बालिकालाई गौतमले बितेको दुई वर्षदेखि नियमित रूपमा बलात्कार गर्दै आएको समाचार प्रकाशमा आएको छ । बालिका योनीको समस्याका साथै ढाड दुख्ने समस्याले समेत ग्रस्त छिन् ।
भर्खर तोते बोली फुटेकी बालिकादेखि जिउँदै पितृसरह बनिसकेकी ७५ वर्षीया वृद्ध हजुरआमाहरूसमेत यो मुलुकमा बलात्कारको सिकार बन्दै आएका छन् । यी घटना सभ्यसमाजका लागि अशोभनीय मात्र होइनन् सिंगो मानव समुदायको शिर झुकाइदिने किसिमका पनि छन् ।
यौन क्रियाकलापलाई शारीरिक एवं मानसिक सन्तुष्टिको रूपमा लिइने गरिन्छ । उत्तेजनामा आएर गरिएको जबर्जस्ती यौनकार्यले सन्तुष्टिको बदला पश्चाताप हुने भए पनि नागरिक समाजले यस्तो घटनालाई हल्काफुल्का ढंगले लिइदिने गर्नाले यस्ता घटना दिनदिनै बढ्ने गरेका छन् ।
मानिसले पशुभन्दा पनि निकृष्ट भएर जबर्जस्ती यौनकार्य (बलात्कार) गर्ने गरेको टिप्पणी गर्नुहुन्छ( बाँदर विशेषज्ञ डा. मुकेश चालिसे । आफूले बाँदर जातिको लामो अध्ययनका क्रममा बलात्कार गर्ने कार्य नदेखेको बताउँदै उहाँ भन्नुहुन्छ( 'पशुले त नगर्ने कार्य सभ्य मानिसले त गर्नै हुँदैन ।'
अभिभावक काममा व्यस्त भएको फाइदा उठाउँदै बलात्कार गर्नेहरू, फिलिम देखाइदिने, चाउचाउ, चकलेट किनिदिने, रोजगारीको आकर्षणजस्ता प्रलोभनमा पारी बलात्कार गर्नेहरू प्रशस्तै छन् तर पनि हाडनाता करणीले नै बढी स्थान ओगटेको छ ।

महिला भनेको उपभोग्य साधन मात्र हो भन्ने दरिद्र सोचका कारणले बलात्कारका घटना घट्ने गरेको बताउनुहुन्छ( प्रहरी प्रधान कार्यालय महिला सेल प्रमुख गीता उप्रेती ।
बलात्कार गर्ने पुरुषले अपराधप्रति गौरव गर्ने र समाजले दोषीलाई दण्ड सजाय गराउनुको बदला महिलालाई नै दोष दिने तथा घटनालाई सामान्य किसिमले सोच्ने प्रवृत्तिले गर्दा पनि यस्ता अमानवीय घटना निरन्तर घटिरहेका छन् । जसलाई पर्‍यो पर्‍यो भनेझैं अरूलाई परेको त हो नि भन्दै मनमनै खुच्चिङ मान्दै मानवीय समवेदनाबाट पन्छिएको कारण पनि आपराधिक घटना मौलाइरहेका छन् ।

बलात्कारका घटना अत्यधिक हुने भए पनि कानुनी अज्ञानता, सामाजिक अपहेलनाको डर, आर्थिक अभावलगायतका समस्याले गर्दा पनि कैयौं घटना प्रहरीसमक्ष दर्ता हुनसमेत नआइपुगेको तितो यथार्थता उप्रेती स्वीकार्नुहुन्छ । महिला सेलले उपलब्ध गराएको तथ्यांकलाई हेर्ने हो भने २०५९।०६० सालमा १ सय ४३ वटा जबर्जस्ती करणी (बलात्कार) भएका छन् भने १६ वटा जबर्जस्ती करणी उद्योग (बलात्कारको असफल प्रयास) भएका छन् ।
बलात्कार गर्ने मनसायले गरिने मानसिक तनावको त कुनै लेखाजोखा नै छैन । बालिका र वृद्धाको सम्बन्धमा घटेका घटना नै धेरैजसो न्यायको खोजीसाथ प्रहरीमा दर्ता हुन पुग्छन् । जेठाजुले बुहारीमाथि लगाएको गिद्धेदृष्टि, ससुराले बुहारीमाथि गरेको दुर्व्यवहार, देवरले भाउजूप्रति आँखा गाडेको, सौतेनी बाबुले छोरीमाथि गरेको अपराधलगायतका अत्यधिक घटना चेतनाको कमी

एवं सामाजिक संकोचका कारणले दबिएर रहेका छन् ।

विभिन्न कारणले न्यायालयको ढोकासम्म नआइपुगेका त बेग्लै कुरा हो तर न्यायको ढोकामा छिरिसकेका सबै घटनामा समेत न्याय दिन कठिनाइ उत्पत्ति हुने भनाइ प्रहरीको छ ।
कपियत पीडितका बाबुआमाले आफैं अन्जानमा प्रमाण नष्ट गरेर न्यायको ढोकामा तुषारापात गराउँछन् ।

बलात्कारीको वीर्य, घटना घट्दाको रगत, घटनास्थल वरिपरि छुटेका सामान, महिलाले प्रतिकार गर्न खोज्दा कोपरेको मासु, रौंलगायतका चीज नै पीडित पक्षलाई न्याय दिलाउने भरपर्दो प्रमाण भए पनि त्यसबारे जानकारी नभएकाले पीडित महिलालाई नुहाएर लैजाने, तन्ना धुने, घटनास्थल बढार्नेजस्ता कार्य गर्न पुग्छन्( जुन उनीहरूका लागि घातकसिद्ध हुनपुग्छ । त्यसका साथै घटना घटेको ३६ घन्टाभित्र कानुनी उपचारमा नगएर आफैं प्रमाण गुमाउन पुग्छन् ।
पीडित पक्षको चेतनाले नभ्याएर अपराधी उम्कने प्रबल सम्भावनासँगै साक्षी बकिदिने व्यक्तिसमेतलाई अपराधीले आर्थिक प्रभाव, ज्यान लिने धम्कीजस्तोमा पार्छ र सजायमुक्त बन्दछ ।
यो दुःखद् पक्षको सामना त गर्न परिरहेको छ नै त्यसका साथै बलात्कृत भइसकेका महिलालाई पनि अदालतले उचित न्याय दिइरहेको छैन । सम्बन्धित प्रहरीहरूले पीडित महिलालाई क्षतिपूर्ति दिलाउने सवालमा न्यायाधीशहरूले गैरजिम्मेवारपूर्ण निर्णय गरेर बलात्कारीलाई उम्काउने गरेको आरोपसमेत लगाउँदै आएका छन् ।

मुलुकी ऐनको जबर्जस्ती करणीसम्बन्धी महलमा पीडितलाई अभियुक्तको आधा अंश दिलाइदिने उल्लेख छ । कानुनको अभावमा महिलाले अन्याय सहनुपरेको घटना त उल्लेख गरी साध्यै छैन । मुलुकी ऐनमा प्रदत्त अधिकारले समेत किताबी पाना छेडेर सम्बन्धित पक्षसामु पुग्न नसक्नु दुःखको कुरा हो । कुनै पनि पीडितले आधा अंश पाएको जानकारी आफूलाई नभएको महिला सेल प्रमुख उप्रेतीले भन्नुभयो । पीडित पक्ष कानुनबारे अनभिज्ञ भएर पनि न्याय पाउन सकिरहेका छैनन्( उहाँले भन्नुभयो( त्योभन्दा मुख्य कुरा न्याय प्रणालीमा कार्यविधि प्रक्रिया बाधक छ ।
साथै न्यायाधीशले खुला इजलासमा गर्ने सुनुवाइ प्रक्रियाले गर्दा पनि पीडित पक्षलाई न्याय लिने जागरुकता नहुने ठहर प्रहरीको छ ।

भावी जीवनको सामाजिक प्रतिष्ठालाई मध्यनजर गरी गोप्य अनुसन्धान र बन्द इजलासमा सुनुवाइ हुनु अनिवार्य रहेको उप्रेतीले बताउनुभयो । कानुनी राजको जनचेतना र पुरुषले महिलालाई हेर्ने दृष्टिकोणमा फरक नआएसम्म यस्ता घटना नरोकिने बताउनुहुन्छ समाजशास्त्री प्राध्यापक डा. कृष्ण भट्टचन । मुलुकी ऐन जबर्जस्ती करणीमा १० वर्षभन्दा कम उमेरकी बालिकालाई बलात्कार गरेमा १० देखि १५ वर्षसम्म कैद, १० वर्षभन्दा माथि १६ वर्ष उमेरसम्मकालाई बलात्कार गरेमा ७ देखि १० वर्ष कैद र १६ वर्षभन्दा माथि उमेर भएका महिलालाई बलात्कार गरेमा ५ देखि ७ वर्षसम्म कैदको व्यवस्था गरिएको छ । समाजको संरक्षणले गर्दा यस्ताखाले अपराधी कानुनी फन्दाबाट मात्र उम्किँदैनन् अझ यस्ता कार्यमा उत्प्रेरित रहन्छन् ।

## चुनौती नै चुनौतीमा महिला प्रहरी

*अछरी पोखरेल*

'तँलाई खान पकाउन र घरको काम गर्न भनेर त बिहे गरेर ल्याएको हो, तैंले नपकाएर म आफूले नै पकाएर खानुपर्छ भने म अर्को बिहे गर्छु । तँलाई कसैले पत्याउँछ भने अर्को लोग्ने खोजेर जा' प्रहरीमा जागिर खाएका केही महिलाहरूले प्रायः यस्तै भनाइ सुन्नुपरेको छ ।
विगत ७ वर्षदेखि प्रहरीमा कार्यरत सल्यान(२ निवासी मानकुमारी खड्का हाल जिल्ला प्रशासन कार्यालय बाँकेमा खटिएकी छिन् । उनी भन्छिन्( २०५३ सालमा तालिम लिएर प्रहरी पेशामा लागेकी हुँ ।

'२०५५ सालमा विवाह भयो र एक वर्षमै छोरा जन्मियो । जम्मा २ महिना सुत्केरी बिदा पाएँ, त्यसपछि बच्चालाई काखमा च्यापी(च्यापी डयुटी गर्दथें । सानो बच्चासँगै डयुटी गर्दै बिहान(बेलुका घरको काममा जुट्दै थकाइ लागे पनि नलागेजस्तो गरी घरको काममा जुट्नुपर्दछ । श्रीमान्सँग वेदना पोख्ने हो भने कान्छी ल्याउने धम्की सुन्नुपर्दछ, त्यसकारण सहेर नै घरको काम र बच्चाको स्याहारजस्ता सम्पूर्ण काम भ्याएर डयुटीमा आफ्नो जिम्मेवारी पूरा गरिरहेकी छु ।' उनी थप्दै जान्छिन्( अवसर पाएमा महिलाहरूले जस्तोसुकै चुनौतीपूर्ण काम पनि पूरा गर्न सक्छन् । महिला प्रहरीले जनताको जीउधनको सुरक्षाको ग्यारेन्टी लिएट यो पेशामा आएका हुन्छन् ।

महिला वर्गको प्रहरी पेशामा आकर्षण बढाउनका निम्ति घरपरिवार, समाज र राज्यको महिलाप्रतिको धारणामा परिवर्तन हुनुपर्दछ । बच्चा सानो हुँदा महिलालाई सुत्केरी बिदालगायत बच्चाको स्याहारसुसारका निम्ति बेतलबी भए पनि थप बिदा गरी आरक्षण सिट छुट्याएमा महिला प्रहरी पेशामा बढी आउन सक्छन् । बच्चाको स्याहारसुसारबाट छुटकारा पाएपछि देशका लागि

ज्यानको बाजी थापी महिला लड्न पछि पर्ने छैनन्( उनको कथन रहेको छ । बाँके जिल्ला बागेश्वरी गाविस खजुरा निवासी बाँके जमुनाहा चौकीमा कार्यरत प्रहरी जवान मधुसिह खड्काले पीडा झन् गहिरो छ । ११ वर्षदेखि प्रहरीमा जागिर खाएर विवाह गरे तापनि डेढ वर्षदेखि उनको दिनचर्चा एकल महिलाको जीवनमा बितिरहेको छ । उनी भन्छिन्( सँगै मर्ने सँगै बाँच्ने वाचामा बाँधिएको भए तापनि बाँकी जीवन एक्लै बिताउनुपरेको छ । मेरो श्रीमान् देशको सेवा गर्दागर्दै अछामको काण्डमा शहीद हुनुभयो भने मैले पनि देशकै निमित्त लड्ने, देशकै निमित्त मर्ने दृढइच्छा बोकेकी छु । प्रहरीको ड्रेस लगाउँदा आफूलाई सुरक्षित महसुस गर्छु ।

माइती नेपालमार्फत् महिला सेलमा कार्यरत बोर्डरर्ड गीता नेपाली भन्छिन्( प्रायः सिमाना क्षेत्रमा बढी मात्रामा बेचबिखनका केस आउने हुँदा महिला बोर्डरगार्डसँगै महिलाले आफ्नो जति विवरण बताउँछन् त्यति पुरुषसँग नबताउने भएकोले महिला प्रहरी आवश्यक छ ।
बेचबिखनको सिलसिलामा पक्राउ परेका महिला र पुरुषलाई छुट्टाछुट्टै एकान्तमा लगी फकाइफुल्याइ प्रश्न गर्दा सोधपुछबाट बेच्नका लागि लगिएको तथ्य खुल्न आउँछ ।
मध्यपश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्रका एसपी यादव अधिकारी भन्नुहुन्छ( दुर्गम ठाउँमा वा लड्नको निम्ति महिलालाई पठाउन कठिन हुने हुँदा महिला कोटा कम राखिन्छ ।
महिला शारीरिक रूपले कमजोर हुने हुँदा पुरुषसरह काम गर्न सक्दैनन् । सञ्चार, अनुसन्धान एवं टेबुलकार्यमा महिला सहभागिता आवश्यक देखिए तापनि लडाइँमा पुरुषसरह महिलाले दक्षता प्राप्त गर्न नसक्ने हुँदा संख्यात्मक नहुन सक्छ ।

२०६० सालको तालिमको परेडमा राम्रो नतिजा प्राप्त गर्ने बाँके चिसापानी(१ निवासी सीता चन्द भन्छिन्( कक्षा ८ मा पढ्दैमा जागिर खाएर देशको सेवा गर्ने इच्छा भए पनि उमेर नपुगेका कारण चाहेर पनि समावेस हुन सकेकी थिइनँ । प्रहरीमा जागिर खान रहर मेट्नका साथै ज्यानको बाजी थापी देश बनाउने संकल्प लिएकी छु ।

बाँके गण गुल्मका प्रहरी निरीक्षक हिमा नगरकोटी भन्नुहुन्छ( मध्यपश्चिमका १५ वटा जिल्लाका सामुदायिक प्रहरीमा पठाउनका निम्ति हाल १७ जना महिलालाई तालिम सञ्चालन गरिएको छ ।
२०५५(०५६ सालमा २१ जना र अन्य वर्षमा फाटफुट मात्र महिलाले तालिम लिएका थिए । साधारण सोधपुछ, खानतलासी कार्यमा महिलाको आवश्यकता पर्छ तर सुरक्षा, आत्मबलको कमीका कारण महिला यस क्षेत्रमा कम आउँछन् । महिलालाई छुट्टै आरक्षण दिएको खण्डमा महिला प्रहरीको संख्या वृद्धि हुन पनि सक्छ ।

भेरी गुल्म(२ मा १० वर्ष कार्यरत महिला प्रहरी जवान गीता गुरुङ भन्छिन्( सानो बच्चा काखमा च्यापेर डचुटी गर्ने महिलालाई दोहोरो मार परेका कारण प्रहरी सेवामा कार्यरत महिलालाई बच्चा हेरचाहको लागि घरबिदा दिनुपर्छ । मध्यपश्चिम क्षेत्रिय प्रहरी कार्यालय महिला सेलमा कार्यरत प्रनानि ज्योति शाही भन्छिन्( जबसम्म कडा कानुन बनेर व्यवहारमा लागू हुँदैन तबसम्म महिलाले प्रहरीमा जागिर खानुहुन्छ भन्ने धारणाको विकास हुँदैन । विगत ३१ वर्षदेखि प्रहरी सेवामा कार्यरत शाहीले छोरीलाई पनि प्रहरी सेवामा जागिर लगाएकी छिन् ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरिक्षक श्रीबहादुर घलेका विचारमा जबसम्म परम्परागत चलनअनुसार घरपरिवार र समाजबाट स्वतन्त्रता पाउँदैनन्, तबसम्म यो पेशामा महिलाको उपस्थिति नगन्य नै रहन्छ । महिलाले प्रहरीमा जागिर खान हुँदैन भन्ने परम्परागत सोचाइमा परिवर्तन हुन आवश्यक भएको ठहर पनि उहाँको छ ।

**उदाहरण बनिन् पवित्रा**

*सुरेन्द्र सुवेदी*

जीवन परिवर्तनका कथा झट्ट सुन्दा पत्याउन कठिन पर्छ । दुई छाक खान धौधौ पर्ने पवित्रा थापा अहिले उदाहरण बनेकी छिन् । उनले छ महिनामा परेवा, बाख्रा, भैंसी किनिन् र आफ्ना श्रीमान्लाई पूर्णकालीन अदुवा(कृषक बनाइन् ।

पवित्राले यो सफलता आफैंले बुनेकी हुन् । जिल्ला सदरमुकाम फिदिमसँग जोडिएको नागिन गाविस(२ की पवित्रा गरिबीले छटपटिइरहेकी थिइन् । उनको गरिबी देखेर सानो कल्पना सामुदायिक विकास समूहले जिल्ला भू(संरक्षण कार्यालयमा तालिमका लागि सिफारिस गरेका थियो । उनलाई तालिममा पाइने २(४ सय रुपैयाँले एक हप्तासम्म भात खान पुग्छ भनेर तालिममा सिफारिस गरेको सानो कल्पना साविसले जनायो ।

तालिमबाट साँझ घर फर्किंदा पवित्राले ६० रुपैयाँको चामल उधारोमा लगेकी थिइन् । उनी भन्छिन्( तालिमबाट आउने पैसा तिर्छु भन्दा पसलेले चामल उधारो दिएका थिए । त्यसरी बालबच्चालाई भातको व्यवस्था गरेर तालिममा सहभागी भएँ ।

चैतको ७ गते तालिम सम्पन्न हुँदा भू(संरक्षण कार्यालयबाट पाएको ज्ञान बीउपुँजी परिचालन, साविसको फाइदा, सुरक्षण गर्ने तरिका, जलाधार व्यवस्थापन र समूहबाट हुने फाइदालाई जीवनमा उतार्ने प्रतिबद्धता लिएर पवित्रा थापाले भत्ता ९ सय ६० थापिन्। उनले पाएको रकमबाट ९६ रुपैयाँ साविसमा जम्मा गरिन्। ६० रुपैयाँ चामलको तिरिन्। बाँकी ७ सय ५० बाट धान किन्दै चालम कुटेर फिदिममा बिक्री गर्न थालिन्।

'घुम्ती कोषबाट एक रुपैयाँले एक लाख बनाउन सकिन्छ' यो भनाइबाट प्रभावित पवित्राले ७ सय ५० को धान किनेर चामल बनाउँदै बिक्री गर्दा पहिलो पटक १ सय ८० नाफा भएको बताइन्। यो क्रम उनले जारी राखिन्। अर्कोपटक उनले २ सय नाफा बनाइन्। ४० पाथी धान किनेर चामल बेच्दा प्राप्त भएको रकमले ६० केजी अदुवाको बीउ, एक जोडी परेवा र ८ वटा कुखुराका चल्ला लिएर उनी घर फर्किन्। जेठ महिनाका लागि दुई क्विन्टल चालम एकमुष्ट किनिन्। घर छाउन खर, जोत्ने हलीलाई खर्च र बिरामी भएर उपचार खर्चमा एक हजार सकिएपछि पवित्रासँग एक हजारमात्र बाँकी भयो।

पवित्राका पति नागिनको एक मिलमा खान मात्र पाउने सर्तमा काम गर्दथे। उनले तालिमबाट पतिको श्रमशोषण भएको पनि थाहा पाइन्। उनले पतिलाई अदुवा खेती गर्न बीउ किनेर ल्याएकी हुन्। श्रीमान् मिल छोडेर घर आएपछि चामल बिक्री गर्न फिदिम धाउन थाले। अदुवा रोप्ने, घरको काम गर्न र गोडमेल गर्न मलाई सघाउन थाल्नुभयो( पवित्रा सफलताको कथा सविस्तार सुनाउँछिन्। उनले साउनमा ६ हजार खर्चिएर भैंसी किनिन्। त्यो भैंसी अहिले २० हजारको भइसकेको छ।

डेढपाथी बीउ लाग्ने एक रोपनी जति खेतमा उत्पादन भएको अन्नले दुई महिना खान नपुग्ने खेतीबाट अदुवा रोप्न थालेपछि १२ महिना खान पुगेको उनको वर्तमान छ। गाउँलेको माया र भूसंरक्षण कार्यालयबाट पाएको प्रेरणा र सीपले यो अवस्थामा पुगेकी थापा तालिममा पाएको सीप व्यवहारमा उतारे कोही गरिब नबनिनेरहेछ भन्छिन्।
भूसंरक्षण कार्यालयले दिगो विकासको अवधारणाअनुसार उपभोक्तालाई सशक्त पार्न जलाधार व्यवस्थापन तथा सामुदायिक स्रोत परिचालन तालिम दिंदै आएको कार्यालय प्रमुख दिवाकर मास्के बताउँछन्।

समाज विकास गर्न वन कार्यालयले वन समूह, कृषिले कृषक समूह, महिला विकासले महिला समूह, पशु स्वास्थ्यले पशुपालक समूह, घरेलु कार्यालयले घरेलु समूह बनाउने गरिरहेको अवस्थामा भूसंरक्षण कार्यालयको विशुद्ध विकास गर्न सामुदायिक विकास समूह गठन सुरु गरेको हो। कुनै कार्यालयको नाम नजोडिएबाट यस्ता समूहमा गएर सबै कार्यालयले काम गराउन सक्ने भएका छन्। यसले साविसको प्रभावकारिता बढ्दै गएको छ।
२०५७ बाट सुरु गरिएको साविस गठन हाल फिदिम, भारपा, चोकमागु, चिलिङदिन, लुम्फाबुङ, लुङरूपासमेत १० गाविसमा पुगिसकेको छ। यसमा ३० समूह र ९ सय कृषक आबद्ध भइसकेका छन्।

मेची पहाडी विकास कार्यक्रम र युनिसेफ नेपालले जिल्लामा लाखौं डलर लगानी गरिसकेका छन्। उनीहरूको लगानीबाट प्रतिफल नदेखिएको अवस्थामा सरकारी कार्यालयको सानो बजेटले पवित्राजस्ता महिला उत्पादन हुनुलाई साविसको उपलब्धि मान्नैपर्ने डुँडेब्याँसी साविसका मनोरथ खनालको कथन छ।

**आफैं असुरक्षित छन् सुरक्षाकर्मी महिला**
*महेन्द्र पाण्डेय*

त्रिशुलीबाट काठमाडौं आउँदा शान्ति लामाले नेपाल प्रहरीमा भर्ना भएर राज्यको सुरक्षा गर्ने अभिलाशाका राखेकी थिइन्। उनको त्यो तीव्र इच्छा र अठोट भने एकाएक तुषारापात भयो किनकि जिल्ला प्रहरी कार्यालय काठमाडौंमा प्रहरीको भर्ना खुलेको थाहा पाएर आएकी शान्तिले यहाँ आएर मात्र थाहा पाइन् कि त्यहाँ भर्ना हुन शैक्षिक योग्यता एसएलसी चाहिंदोरहेछ।
७ दिदीबहिनी मात्र भएकी शान्ति लामाको घरमा एक त छोरीको मात्र बोझ भएको महसुस थियो भने अर्कोतर्फ आर्थिक विपन्नता। शान्तिले दुःखेसो पोख्दै भनिन्( हाम्रो अबुझ समाज अझ भन्नुपर्दा ७ जना दिदीबहिनी मात्र भएपछि बाबुआमाले ७ कक्षासम्म मात्र पढाउनुभयो। त्यसपछि आर्थिक स्थितिले थेग्न नसकेपछि पढ्न छोडें। प्रहरीमा भर्ना भएर देशको सुरक्षा गर्नुका साथै घरपरिवारलाई आर्थिक सहयोग गर्ने इच्छा राखेर म काठमाडौंतर्फ आएँ तर मेरो सबै सोचाइ सपना भयो। प्रहरीमा भर्ना हुन मेरो योग्यताले नपुगेपछि म जागिरको खोजीमा घुम्दै थिएँ। कान्तिपुर सेक्युरिटी सर्भिसमा सेक्युरिटी गार्डको तालिम खुलेको थाहा पाएर सम्पर्क गरी २१ दिनसम्म तालिम लिएको उनी बताउँछिन्।

कान्तिपुर सेक्युरिटी सर्भिसमा तालिम प्राप्त गरी हाल उपत्यका नगर विकास योजनामा सुरक्षागार्डमा कार्यरत शान्तिले भनिन्( हामीलाई महिला भनेर हेपाहा प्रवृत्तिले हेरिन्छ। मेरो त इच्छा थियो राज्यको बन्दुक बोकेर राज्यको सुरक्षा गर्ने तर अवसर नपाएका कारण एउटा कार्यालयको मात्र सुरक्षा गर्नुपरेको छ। सुरक्षागार्डमै कार्यरत रामकुमार पाखिनसँग हालै प्रेमविवाह गरेकी लामाले भनिन्( हाम्रो पारिश्रमिक यहाँबाट ३२ सय लगिन्छ तर हामीलाई कार्यालयबाट २२ सय दिने गरिएको छ। एक हजार

कान्तिपुर सेक्युरिटीले सेवा शुल्क लिने गरेको बताउने लामाले जडीबुटीमा डेरा गरिबसेको हुँदा आउँदा जाँदा नै करिब ४ सय गाडीभाडा लाग्छ । १९ वर्षीया लामाले अगाडि भनिन्( राज्यले अझै पनि मौका दिएमा जस्तोसुकै कठिन काम गर्न पनि आफू पछाडि नपर्ने बताउँदै परिश्रम गरेर पाएको फल सबैभन्दा मीठो हुन्छ । महिलाहरू स्वयं कतिले आफैं असुरक्षित भएको भन्ने राखिएको जिज्ञासामा लामाले सहज तरिकाले सबै आफूअनुसार हुने बताइन् ।

त्यस्तै हटौंडा घर भई हाल न्यूरोडमा सुरक्षागार्डमा कार्यरत मञ्जु अधिकारीले आफू सिभिल सेक्युरिटीमा कार्यरत भए पनि ड्रेस लगाएपछि सरकारीले भन्दा कम ड्युटी नगरेको बताउँछिन् । महिलाले केही गर्न सक्दैनन् भन्नेहरूलाई उनी जिम्मा दिने हो भने महिलाबाट जति इमानदारिताको काम हुन्छ त्यो पुरुषबाट हुन नसक्ने ठोकुवा गर्छिन् । उनको दुखेसो भने ड्युटी गरेअनुसारको पारिश्रमिक पाइएको छैन । त्यस्तै नुवाकोट जिल्लाको लिखु गाविसकी २२ वर्षीया शान्ता भण्डारी हाल कर कार्यालय बबरमहलमा सुरक्षागार्डमै कार्यरत छिन् । २ वर्षदेखि यो पेशामा लागेकी भण्डारीले थुप्रै उतारचढाव व्यहोरेकी छन् । उनको २ वर्षको अनुभवले उनलाई काम गर्न आत्मबल थपेको छ । ग्रुप(फोर सेक्युरिटीबाट कर कार्यालयमा ड्युटीमा आएकी भण्डारीले भनिन्(महिलाहरूलाई होच्याउनेहरू आफू महिलाको कोखबाटै जन्मिएको बिर्सन्छन् र अनेक कुरा काट्छन् । भण्डारीले भनिन्( मैले यहाँबाट ७ हजार पारिश्रमिक पाउने गरेकी छु तर मेरो अफिसले सेवा शुल्क ३ हजार हटाएर ४ हजार दिन्छ तर पनि म सन्तुष्ट छु । म मेरो कमाइले स्वाभिमानका साथ बाँचेकी छु र घरमा पनि आर्थिक सहयोग गरेकी छु । अहिले म अविवाहित भए पनि विवाहपछि पनि यही पेशालाई निरन्तरता दिने मेरो अठोट छ ।

त्यस्तै, नेपाल पर्यटन बोर्डमा कार्यरत ललिता कार्की भन्छिन्( यहाँ १२ घन्टा ड्युटी गर्न सकेकी छु भने जिम्मेवारी र अवसर दिने हो भने जहाँ जे काम दिए पनि गर्न सक्छु । सबैभन्दा मीठो फल मिहेनतको हुन्छ । समाजमा महिलाका बारेमा भ्रम फैलाउने तत्वका अगाडि आफू उदाहरणीय बन्न सक्नुपर्छ । त्यसैले आफूले जे(जस्तो जिम्मेवारी पाए पनि सहज भूमिका निर्वाह गर्नुपर्ने उनको धारणा छ । हामी १२ घन्टा ड्युटी गर्छौं, काम गर्न जाने ठाउँबाट हाम्रो संस्थाले सबै पैसा लगेर हामीलाई ५० प्रतिशत कट्टा गरेर दिन्छन् । थुप्रै सेक्युरिटी महिला गार्डसँग भेट्दा उनीहरूको आर्थिक शोषण भएको थाहा हुन्छ यसका लागि भने सम्बन्धित निकायले ध्यान दिनु भने जरुरी छ ।